राष्ट्रको सञ्चार
नेपाल टेलिकम

# Telecom Newsletter

नेपाल दूरसञ्चार कं.लि., भद्रकालीप्लाजा, काठमाडौं



Monthly Publication

Volume 22, Issue 1 No. 144 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Shrawan 2079 (Jul-Aug 2022)

## तालिम तथा अनुसन्धान केन्द्रको उच्चस्तरीय बैठक सम्पन्न



नेपाल टेलिकमको उच्चस्तरीय तालिम व्यवस्थापन समितिको बैठक सम्पन्न भएको छ। बैठकमा दूरसञ्चार तालिम तथा अनुसन्धान केन्द्रद्वारा गत आर्थिक वर्ष सञ्चालित तालिम कार्यक्रमको समीक्षा गरी चालु आर्थिक वर्षको लागि प्रस्तावित वार्षिक तालिम तथा अनुसन्धान सम्बन्धी कार्यक्रमका बारेमा छलफल सम्पन्न भएको छ।

गत असार २५ गते दूरसञ्चार तालिम तथा अनुसन्धान केन्द्र बबरमहलमा आयोजना गरिएको उक्त बैठकमा तालिम र अनुसन्धानलाई अझ बढी प्रयोगात्मक र व्यावहारिक बनाउन सुझावहरु दिइएको थियो ।

तालिम तथा अनुसन्धान केन्द्रले गत आर्थिक वर्षमा विभिन्न Wing अन्तर्गत ६१ वटा तालिम कार्यक्रम सम्पन्न गरी ११९३ जना कर्मचारीलाई तालिम प्रदान गरेको थियो। केन्द्रले चालु आर्थिक वर्षमा विभिन्न Wing अन्तर्गत १ सय २० वटा तालिम र वर्कसप/सेमिनारहरु सम्पन्न गरी २ हजार ३ सय ९२ जना कर्मचारीहरुलाई तालिम दिने र अनुसन्धानका कार्यक्रममा सहभागी गराउने कार्यक्रम तय गरेको छ। कम्पनीको दीगो समुन्नति र मुलुकका सबै वस्तीहरुमा सहज मूल्यमा अत्याधुनिक दूरसञ्चार सेवाहरु उपलब्ध गराउन अनुसन्धान गरी भावी कार्यक्रमहरु निर्माण गर्नको लागि दूरसञ्चार तालिम तथा अनुसन्धान केन्द्रले यस आ.व.देखि नै अनुसन्धानका नयाँ योजना पनि कार्यान्वयन गर्न लागेको छ।

*(बाँकी २ पेजमा)*

## प्रबन्ध निर्देशकबाट नवनिर्मित भवनको उद्घाटन




नेपाल टेलिकमका प्रबन्ध निर्देशक सुनिल पौडेलले फोरजी सेवालाई थप गुणस्तरीय बनाई मुलुकका सबै भूभाग र वस्तीमा यसको पहुँच स्थापित गरिने बताउनुभएको छ। झापा जिल्लास्थित दूरसञ्चार कार्यालय सुरुंगाको नवनिर्मित भवनको उद्घाटन गर्दै प्रबन्ध निर्देशक पौडेलले उक्त कुरा बताउनु भएको हो। सो अवसरमा उहाँले चालु आर्थिक वर्ष भित्रमा अप्टिकल फाइबरको पहुँच पुगेका मुलुकभरका सबै जिल्लाहरुमा पुरानो प्रविधिको तारवाला टेलिफोन र एडीएसएल प्रणालीको स्तरोन्नति गरी अप्टिकल फाइबरयुक्त बनाइने पनि बताउनु भयो।

गत असार २८ गते दूरसञ्चार कार्यालय सुरुंगामा आयोजित उद्घाटन समारोहमा प्रबन्ध निर्देशक पौडेलसहित प्रमुख सञ्चालन अधिकृत अनन्त मान सिंह, प्रादेशिक निर्देशनालय विराटनगरका निमित्त निर्देशक लक्ष्मण महर्जन, प्रबन्धकहरु तथा अन्य कर्मचारीहरुको सहभागिता रहेको थियो।

## लुम्बिनी प्रदेशले ४० हजार एफटीटीएच वितरण गर्ने

लुम्बिनी प्रादेशिक निर्देशनालय, भैरहवा अन्तर्गतका १२ जिल्लामध्ये ११ वटा जिल्लामा एफटीटीएच सेवाको पहुँच स्थापित गरिएको छ। यसमध्ये पनि भैरहवा, बर्दघाट, परासी, तौलिहवा र कृष्णनगरमा पुरानो तामाको तारवाला सञ्चार प्रणालीलाई विस्थापित गरी अत्याधुनिक ट्रिपल प्ले सर्भिस उपलब्ध हुने अप्टिकल फाइबरबाट सेवा वितरण भइसकेको छ। यसैगरी भैरहवाको पुरानो प्रविधिको J-Rack एक्सचेन्ज बन्द गरिएको छ।



चालु आर्थिक वर्षको पहिलो ६ महिनामा बुटवलमा रहेको TDM Switch प्रविधिको EWSD एक्सचेन्ज तथा नेपालगञ्जमा रहेको E10B एक्सचेन्जबाट सञ्चालनमा रहेका टेलिफोन तथा एडीएसएल सेवालाई अप्टिकल फाइबरले विस्थापित गरिने लक्ष्य रहेको छ। स-साना MSAN एक्सचेन्जहरु क्रमशः एफटीटीएचले विस्थापन गर्दै जाने लक्ष्य पनि रहेको छ। यसबाट कम्पनीले घरभाडा तथा बिजुलीका लागि गर्दै आएको लगानी घट्न गई कुल नाफामा वृद्धि हुनसक्छ।

दूरसञ्चार कार्यालय बुटबल अन्तर्गतको पूर्व कालिकानगरमा तामाको तारवाला टेलिफोन सेवा अप्टिकल फाइबरबाट विस्थापित भएको छ। गत असार महिनामा कालिकानगरमा वितरित सम्पूर्ण टेलिफोन लाइनहरु टेलिफोन, इन्टरनेट र टेलिभिजनसमेत चलाउन मिल्ने प्रविधियुक्त एफटीटीएच सेवामा स्तरोन्नति भएका हुन्। गत असार २८ गते लुम्बिनी प्रादेशिक निर्देशनालय, भैरहवाका निर्देशक झविन्द्रलाल उपाध्यायले पुरानो तामाको तारवाला एक्सचेन्जलाई निष्क्रिय गराउनुभएको थियो। सो अवसरमा उहाँले बुटबल क्षेत्र निकट भविष्यमै पुरानो तारवाला टेलिफोन प्रणालीबाट अत्याधुनिक सेवासहितको अप्टिकल फाइबरमा रुपान्तरण हुने बताउनु भएको थियो।

चालु आर्थिक वर्षमा ७५ हजार होमपास नेटवर्क तयार गरी ४० हजार एफटीटीएच लाइन वितरण गर्ने योजना यस निर्देशनालयको रहेको छ।

# तालिम तथा अनुसन्धान ...

(१ पेजको बाँकी)

उक्त छलफल कार्यक्रममा आफ्ना भनाइ राख्दै तालिम व्यवस्थापन समितिका अध्यक्ष एवं कम्पनीका प्रबन्ध निर्देशक सुनिल पौडेलले केन्द्रले सञ्चालन गर्ने तालिमले दक्ष प्राविधिक, कुशल व्यवस्थापनकर्ता बनाउनुका साथै व्यक्तिगत जीवनमा पनि सकारात्मक प्रभाव छाड्नसक्ने हुनुपर्नेमा जोड दिनुभयो । कार्यालय सञ्चालन तथा योजनाहरु कार्यान्वयनका लागि नयाँ प्रविधि र प्रणालीहरुको तीव्र विकास हुने क्रम रहेकाले यसलाई दृष्टिगत गरी दक्ष जनशक्ति तयार गर्न केन्द्र लाग्नुपर्ने सुझाव पनि उहाँले राख्नुभएको थियो ।

कार्यक्रममा कम्पनीका सञ्चालक शंकर लामिछाने (कर्मचारी प्रतिनिधि) ले एउटा जीवन्त संस्थामा व्यवस्थापक, सञ्चालक र कर्मचारीका बीचमा उठिरहने असामन्जस्यता र द्वन्द्व निम्त्याउन सक्ने सम्भावनालाई न्यूनीकरण गर्न द्वन्द्व व्यवस्थापन र द्वन्द्वको सिर्जनात्मक रुपान्तरणसम्बन्धी तालिम पनि समेट्नु पर्ने बताउनु भयो ।

छलफल कार्यक्रममा आफ्ना भनाइ राख्दै दूरसञ्चार तालिम तथा अनुसन्धान केन्द्रका प्रमुख राजेश जोशीले सम्पूर्ण कर्मचारीलाई उत्प्रेरणा प्रदान गर्न र समय सापेक्ष थप दक्ष बनाउनका लागि केन्द्रलाई आवश्यक श्रोत, साधन र जनशक्तिको व्यवस्थापन हुनुपर्नेमा जोड दिंदै चालु आ.व.का कार्यक्रमहरु सफलतासाथ सम्पन्न गरिने बताउनु भयो ।

सो अवसरमा कार्यक्रममा सहभागी हुनुभएका नायब प्रबन्ध निर्देशक, निर्देशक, विभागीय प्रमुखहरु र आमन्त्रित कर्मचारीहरुले तालिम कार्यक्रमहरुको गुणस्तर अभिवृद्धि गरी अझ प्रभावकारी ढंगले सञ्चालन गर्न, नवीन प्रविधिको प्रयोग सम्बन्धी आधार तयार गर्न र उत्पादकत्व वृद्धि गरी कम्पनीलाई थप समुन्नत बनाउन तालिम केन्द्रले गर्नुपर्ने कार्यका बारेमा सुझावहरु प्रस्तुत गर्नुभएको थियो ।

उक्त कार्यक्रममा कम्पनीमा क्रियाशील कर्मचारी युनियनका अध्यक्षहरुले कम्पनीभित्रकै कर्मचारीहरुलाई विषयगत तालिम दिई सेवाको गुणस्तरीयता, सेवाको विस्तार र नयाँ प्रविधियुक्त सेवा सञ्चालनमा उत्प्रेरित गर्नुपर्ने सुझाव दिनुभएको थियो ।

कार्यक्रममा तालिम तथा अनुसन्धान केन्द्रद्वारा सञ्चालित विभिन्न Wing तथा तालिम प्रमुखहरुले सम्बन्धित Wing को तालिम कार्यक्रम र आगामी आ.व.मा सम्पन्न गरिने सेमिनार/वर्कसपका बारेमा जानकारी गराउनु भएको थियो ।

## ना.प्र.नि. सिंह सेवानिवृत्त

नेपाल टेलिकमका नायव प्रबन्ध निर्देशक अनन्त मान सिंह सेवानिवृत्त हुनुभएको छ । ५८ वर्ष उमेर हदका कारण २०७९ साउन २४ गते उहाँ सेवानिवृत्त हुनुभएको हो । सेवानिवृत्त उहाँलाई एक कार्यक्रमका बीच प्रबन्ध निर्देशक सुनिल पौडेलले बिदाई गर्नुभयो ।

सो अवसरमा प्रबन्ध निर्देशक पौडेलले ना.प्र.नि. सिंहको सुखमय निवृत्त जीवनको कामना गर्नुभयो । यसका साथै कम्पनीमा उहाँले पुऱ्याउनु भएको योगदानप्रति आभार व्यक्त गर्दै आगामी दिनमा समेत उहाँबाट कम्पनीलाई सल्लाह र सुझाव प्राप्त भइरहने अपेक्षा व्यक्त गर्नुभयो ।

कम्पनीको हितलाई मध्यनजर राखी चुनौतीहरुसँग डटेर सामना गर्ने स्वभावका सेवानिवृत्त ना.प्र.नि. सिंहले नेपाल टेलिकममा सेवा प्रवेश गरे पश्चातका विभिन्न गतिविधिहरुको स्मरण गर्दै आफूले कम्पनीका लागि गरेको योगदानप्रति सन्तुष्ट भएको र कम्पनीमा कार्यरत रहँदा सहकर्मीहरुबाट प्राप्त सहयोग र विश्वासले आफूलाई सन्तुष्ट तुल्याएको उल्लेख गर्नुभयो । उहाँले कम्पनीमा कार्यरत रहँदा संस्थाको भलाई र पद्धति स्थापनाका लागि व्यक्तिगत लाभलाई जोखिममा राखेर भूमिका निर्वाह गरेका प्रसंगहरु सम्झनुभएको थियो ।

सो अवसरमा कम्पनीका नायब प्रबन्ध निर्देशक, निर्देशकलगायत अन्य उच्चपदस्थ अधिकारीहरुले सेवानिवृत्त ना.प्र.नि. सिंहसँग गरेको सहकार्यको स्मरण गर्दै उहाँको सुखमय जीवनको कामना गर्नुभएको थियो । २०४६ मंसिर २ मा इन्जिनियर पदमा अस्थायी र २०४७ असार ३१ गते स्थायी नियुक्ति लिनुभएका सिंह केन्द्रीय कार्यालयमा प्रमुख सञ्चालन अधिकृत पदमा कार्यरत रहँदा सेवानिवृत्त हुनुभएको हो ।



## वर्कर्स युनियनको ३१औं वार्षिकोत्सव सम्पन्न

नेपाल टेलिकम वर्कर्स युनियन (NTCWU) को ३१औं वार्षिकोत्सव विभिन्न कार्यक्रमहरुको आयोजना गरी सम्पन्न भएको छ । युनियनको वार्षिकोत्सवको अवसरमा कम्पनीको केन्द्रीय कार्यालयमा २०७९ साउन ६ गते आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव एवं कम्पनी सञ्चालक समिति अध्यक्ष डा. बैकुण्ठ अर्यालले ट्रेड युनियन, व्यवस्थापन र सञ्चालक समिति एकअर्काका प्रतिस्पर्धी नभएकाले तीनै पक्ष मिलेर कम्पनीको उन्नत भविष्यका लागि सुलभ र दीगो दूरसञ्चार सेवाहरु मुलुकभर उपलब्ध गराउन लाग्नुपर्ने बताउनु भयो । उहाँले गुणस्तरीय सेवा निरन्तर प्रवाह गर्नु कम्पनीको प्रमुख कार्य भएको पनि उल्लेख गर्नुभयो ।

सो कार्यक्रममा नेपाल ट्रेड युनियन कांग्रेसका अध्यक्ष पुष्कर आचार्यले सार्वजनिक संस्थानहरुमध्ये सबैभन्दा उत्कृष्ट कम्पनीको रुपमा रहेको नेपाल टेलिकमलाई जनताको प्रिय संस्थाका रुपमा स्थापित गरिरहनका लागि कम्पनी व्यवस्थापन र यहाँ कार्यरत ट्रेड युनियनहरु समझदारी कायम गरेर अघि बढ्नुपर्ने बताउनु भयो ।

नेपाल टेलिकमका प्रबन्ध निर्देशक सुनिल पौडेलले समारोहलाई सम्बोधन गर्दै कम्पनीलाई उत्कृष्ट सेवा प्रदायक र उच्चतम आम्दानी भएको संस्थाको रुपमा स्थापित गरिरहन व्यवस्थापन र कर्मचारीहरु एकजुट भएर लाग्नुपर्ने बताउनु भयो। सो अवसरमा उहाँले कम्पनीको चालु आर्थिक वर्षको नीति तथा कार्यक्रमका बारेमा चर्चा गर्दै भन्नुभयो, 'लामो छलफल र अन्तरक्रिया पछि वार्षिक कार्यक्रम र बजेट तयार पारिएको छ। नेपाल टेलिकमलाई उत्कृष्ट कम्पनीका रुपमा स्थापित गरिरहनका लागि निर्धारित योजना र कार्यक्रमहरुको कार्यान्वयनको समय निर्धारण गरी चरणबद्ध रुपमा कार्य सम्पन्न गर्ने संयन्त्र तयार गरिएको छ ।'

सो अवसरमा कम्पनीको सञ्चालक समितिका सदस्य (कर्मचारी प्रतिनिधि) शंकर लामिछानेले समुन्नत कम्पनी र सन्तुष्ट कर्मचारी स्थापनाका लागि सञ्चालकका रुपमा आफूले भूमिका निर्वाह गर्ने बताउनु भयो ।

नेपाल टेलिकम वर्कर्स युनियनका अध्यक्ष राजेन्द्रप्रसाद जोशीले कम्पनीलाई थप समुन्नत बनाउन र कर्मचारीका वृत्तिविकासका लागि युनियनहरुले उठाएका मागहरुको सम्झौता भए बमोजिम सम्बोधन हुनुपर्ने बताउँदै कम्पनीको हितका लागि सहयोग गर्न वर्कर्स युनियन सधैं तत्पर रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेपाल दूरसञ्चार राष्ट्रिय कर्मचारी संगठनका अध्यक्ष यादव प्रसाद पनेरु, नेपाल राष्ट्रिय कर्मचारी संगठन, नेपाल टेलिकमका अध्यक्ष दामोदर केसी र नेपाल टेलिकम कर्मचारी युनियनका कार्यवाहक अध्यक्ष वीरेन्द्र लाल जोशीले पनि शुभकामनासहित कम्पनीमा कार्यरत सबै युनियनहरु समुन्नत संस्था र कर्मचारीको हितका लागि मिलेर जाने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

सो कार्यक्रममा नेपाल सार्वजनिक संस्था कर्मचारी संघका अध्यक्ष जनार्दन भट्टराई, कम्पनीका पूर्व सञ्चालक कुमारजंग कार्की, युनियनका सल्लाहकारहरु मनिल ओझा र कृष्णप्रसाद अर्याल, निवर्तमान अध्यक्ष राजेन्द्र प्रसाद दाहाल, सहअध्यक्ष केशव हमागाई र वागमती प्रदेश अध्यक्ष अच्युत कुमार ओझाले पनि ट्रेड युनियन र व्यवस्थापनले कम्पनी र कर्मचारीका हितका सम्बन्धमा निर्वाह गर्नुपर्ने भूमिकाका बारेमा सुझावहरु प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा कम्पनीमा २० वर्षसम्म तह एकमा काम गर्ने कर्मचारीहरुलाई सम्मान गरिएको थियो । वार्षिकोत्सवको अवसरमा वृक्षारोपण गर्नुका साथै आयोजना गरिएका विभिन्न अतिरिक्त क्रियाकलापका विजेता तथा रक्तदान कार्यक्रममा सहभागीहरुलाई पुरस्कार तथा प्रमाणपत्र समेत वितरण गरिएको थियो ।

# प्रदेश गतिविधि

## प्रदेशकै दुर्गम वस्तीहरुमा मोबाइल सेवा

मुलुकका अत्यन्त विकट र दुर्गम वस्तीहरुमा अत्याधुनिक दूरसञ्चार सेवाहरु उपलब्ध गराई जनताको जीवनस्तर उकास्न र जीवनशैली सहज बनाउन नेपाल टेलिकमले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ। यस क्रममै कम्पनीले पूर्वी रुकुम जिल्लाको सिस्ने गाउँपालिकामा फोरजी र टुजी मोबाइल सेवा उपलब्ध गराएको छ। यसबाट लुम्बिनी प्रदेशकै सबभन्दा दुर्गम र विकट स्थानका रुपमा परिचित समुद्री सतहबाट ३५ सय मिटर उचाइमा रहेको सिस्ने गाउँपालिकाका वडा नम्बर ७ र ८ का वासिन्दाहरु लाभान्वित हुनेछन्। अत्याधुनिक दूरसञ्चार सेवाको उपलब्धतासँगै डोल्पा जिल्लाको सीमानामा रहेका यी वडाका करिब १५ सय घरधुरीले सेवा उपयोग गर्न पाएका सिस्ने गाउँपालिकाका अध्यक्ष कृष्ण रेग्मीले बताउनु भयो।

अत्यन्त विकट स्थानका रुपमा रहेको यस क्षेत्रमा दूरसञ्चार सेवाहरु उपलब्ध गराउन कम्पनीले हेलिकप्टरबाट सामान ढुवानी गरेको थियो। उपकरणहरु हेलिकप्टरबाट झारिए पनि कर्मचारीहरु १८ घण्टा पैदल हिंडेर सो स्थानमा पुगी बीटीएस टावर जडान सम्पन्न गरी सेवा सञ्चालन भएको हो। सिस्ने गाउँपालिकाको वडा नम्बर १ को ठूलो सिस्ने भन्ने स्थानमा रहेको यस बीटीएसबाट सोही वडाका दुईसय घरधुरीले पनि अत्याधुनिक दूरसञ्चार सेवाको उपयोग गर्न सक्नेछन्।

## मुस्ताङको धेरै दुर्गम वस्तीमा कम्पनीको मोबाइल सेवा

नेपाल टेलिकमले उपलब्ध गराएका अत्याधुनिक दूरसञ्चार सेवाहरुका कारण अत्यन्त दुर्गम र हिमालपारीको जिल्लाका रुपमा परिचित मुस्ताङ सुगम बन्दै गएको छ। मुलुकभरकै विकटमध्येको एक मुस्ताङ जिल्लाका अधिकांश वस्तीहरु कम्पनीको मोबाइल सेवाको पहुँचमा पुगेका छन्। हाले पर्यटकीय र धार्मिक तीर्थस्थलका रुपमा रहेको मुक्तिनाथ मन्दिरसम्म जाने सडक क्षेत्रमा मोबाइल सेवाको विस्तार गरिएको छ। पर्यटकीय दृष्टिकोणबाट अत्यन्त रुचाइएको कागबेनीदेखि मुक्तिनाथसम्मको सडक क्षेत्रमा फोरजी र टुजी सेवा उपलब्ध गराइएको हो। बारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा १ स्थित खिङ्गामा २५ मिटर स्थायी संरचनासहितको मोबाइल बीटीएस निर्माण गरी सो क्षेत्रमा फोरजी र टुजी सेवा विस्तार गरिएको हो।

यसबाट सो गाउँपालिकाको वडा १ को खिङग गाउँ, झारकोट, पुथाक, झोङका करिब २ सय परिवार लाभान्वित हुनेछन्। यसका साथै धार्मिक र पर्यटकीय स्थल मुक्तिनाथ जाने पर्यटकहरुले कागबेनीदेखि मुक्तिनाथ मन्दिरसम्म यात्रा गर्ने क्रममा सेवा उपयोग गर्न सक्नेछन्। साथै, यसअघि टुजी र थ्रीजी सेवा मात्र उपलब्ध गराइरहेको कागबेनीको बीटीएसबाट फोरजी सेवाको शुरुवात गरिएको छ। अब यस क्षेत्रका वासिन्दाले डाटामार्फत तीव्र गतिको इन्टरनेट प्रयोग गर्न र भीओएलटीईमार्फत एचडी कल गर्ने सुविधा उपयोग गर्न सक्नेछन्।

दुर्गम र विकट वस्तीहरुमा समेत अत्याधुनिक दूरसञ्चार सेवाहरु उपलब्ध गराउने क्रममै टेलिकमले मुस्ताङकै घरपझोङ गाउँपालिकास्थित जोमसोम रिसोर्टमा रहेको बीटीएसबाट फोरजी सेवाको शुरुवात गरेको छ। यसबाट सो क्षेत्रका वस्तीहरु स्याङ र ठिनीका झण्डै २ सय घरपरिवार फोरजी सेवाबाट लाभान्वित हुनेछन्।

नेपाल टेलिकमले मुस्ताङ जिल्लाको दुर्गम वस्तीका रुपमा रहेका ताङ्बे र छाक्ताङमा पनि थ्रीजी मोबाइल सेवा उपलब्ध गराएको छ। बारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा पर्ने ताङ्बे र थासाङ गाउँपालिकाको छाक्ताङका वासिन्दालाई अत्याधुनिक दूरसञ्चार सेवा उपलब्ध गराइएको हो।

यसअघि नै मुस्ताङकै अर्को दुर्गम गाउँ छुसाङसम्म अप्टिकल फाइबरको पहुँच स्थापित गरिसकिएको थियो। अहिले छुसाङबाट साढे तीन किलोमिटर टाढा रहेका ताङ्बे र छाक्ताङसम्म अप्टिकल फाइबर लिंक कायम गरी ती वस्तीहरुमा मोबाइल सेवा उपलब्ध गराइएको हो। यसबाट ताङ्बेका ४८ घरधुरी र छाक्ताङका २५ घरधुरीका वासिन्दाहरु प्रत्यक्ष लाभान्वित हुनेछन्। ताङ्बे गाउँ मुस्ताङको सदरमुकाम जोमसोमदेखि १५ किलोमिटर उत्तरतर्फ अवस्थित छ।

## हुम्लाको सिमकोटमा पनि फोरजी सेवा उपलब्ध

कम्पनीले हुम्लाको सिमकोट गाउँपालिका ७ को धारापोरी ओखेनीमा बीटीएस निर्माण गरी फोरजी सेवा उपलब्ध गराएको छ। यसबाट सिमकोट गाउँपालिकाका ७ र ८ का अधिकांश भूभागहरु डाँडाफया, धारापोरी, स्यांडा, खोल्सी लगायतका वस्तीहरु फोरजी सेवाको पहुँचमा आएका छन्। यसैगरी नाम्खा गाउँपालिकाका खगल गाउँ, केर्मी, हेप्का, गाडापारी, धिगा, केमी, च्यादुक लगायतका वस्तीहरुमा पनि फोरजी सेवा उपलब्ध भएको छ। यस बीटीएसबाट त्यस क्षेत्रका करिब ११ सय घरधुरीहरुलाई फोरजी सेवा उपलब्ध हुनेछ।

# ट्राफिक प्रहरीद्वारा कम्पनी सम्मानित




नेपाल प्रहरीद्वारा सञ्चालित मेट्रो ट्राफिक एफएमको दशौं वार्षिकोत्सवको अवसरमा नेपाल टेलिकम सम्मानित भएको छ। गत साउन ८ गते सम्पन्न उक्त कार्यक्रममा विभिन्न सरकारी तथा गैरसरकारी निकायका प्रमुख एवं प्रतिनिधिहरुको उपस्थिति रहेको थियो।

'सडक सुरक्षाको लागि संगठित प्रयास' भन्ने मुल नाराका साथ ट्राफिक एफएम ९५.५ ले आयोजना गरेको सो कार्यक्रममा नेपाल प्रहरीका वरिष्ठ अधिकृतहरु उपस्थित हुनुहुन्थ्यो। सो अवसरमा नेपाल टेलिकमसँग नेपाल प्रहरीको विगतदेखि हुँदै आएको सहकार्य तथा समन्वयको चर्चा भएको थियो। सो कार्यक्रममा नेपाल टेलिकम लगायत विभिन्न संघ संस्थालाई सम्मान गरिएको थियो।

कार्यक्रमको समापनमा काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयकी प्रहरी नायव महानिरीक्षक मिरा चौधरीले नेपाल टेलिकमसँगको सहकार्य र समन्वयले आगामी दिनमा निरन्तरता पाउने कुरामा विश्वास व्यक्त गर्नुभएको थियो।

# सानिमा बैंकका ग्राहकलाई निःशुल्क डाटा

सानिमा बैंक लिमिटेडमा खाता रहेका ग्राहकहरुले नेपाल टेलिकमको नेटवर्कबाट मोबाइल बैंकिङ एप निःशुल्क चलाउन सक्ने भएका छन्। यस सम्बन्धमा कम्पनी र बैंकबीच गत साउन ३ गते सम्पन्न सम्झौता पत्रमा नेपाल टेलिकमको तर्फबाट प्रमुख व्यावसायिक अधिकृत संगीता पहाडी र सानिमा बैंक लिमिटेडको तर्फबाट प्रमुख निक्षेप अधिकृत सरोज गुरागाईले हस्ताक्षर गर्नुभयो।

सानिमा बैंकका मोबाइल बैंकिङ एप प्रयोगकर्ताहरुले एपमा रहेका फन्ड ट्रान्सफर, बिल भुक्तानी, क्युआर कोड भुक्तानी, मोबाइल टपअप प्रयोग गर्दा असीमित निःशुल्क इन्टरनेट डाटा प्रयोग गर्न पाउनेछन्। सो वापत खपत हुने डाटा सेवाको भुक्तानी सानिमा विकास बैंकले उपलब्ध गराउने छ।

सानिमा बैंकमा नयाँ खाता खोल्दा ग्राहकहरुलाई नेपाल टेलिकमको प्रिपेड फोरजी सिमकार्ड समेत निःशुल्क प्राप्त भइरहेको छ। यो सिमकार्डमा रु. ९.८ मेन ब्यालेन्स रहनेछ भने एक महिनाभित्र प्रयोग गर्न सकिने गरी ६० एमबी डाटा, ४० मिनेट कम्पनीकै नेटवर्कमा कल गर्न सकिने र १० वटा एसएमएस पठाउन सकिने सुविधा उपलब्ध छ।



# मधेश प्रदेशमा सेवा विस्तार गर्दै नेपाल टेलिकम




नेपालका प्रदेशहरुमध्ये सबैभन्दा धेरै जनसंख्या भएको मधेश प्रदेशका बासिन्दालाई सुलभ मूल्यमा गुणस्तरीय दूरसञ्चार सेवाहरु उपलब्ध गराउने योजना नेपाल टेलिकमको प्राथमिकतामा रहेको छ। यस प्रदेशमा कम्पनीका सेवाहरु मुख्यतः मोबाइल सेवा उपलब्ध गराउन टेलिकमले पूर्वाधार विस्तार कार्यलाई प्राथमिकतामा राखेको छ।

वीरगञ्जमा रहेको मधेश प्रदेशको प्रादेशिक निर्देशनालय अन्तर्गत लेखा कार्यालयको रुपमा वीरगन्ज, चन्द्रनिगाहपुर (च.पुर), मलंगवा, जनकपुर, लहान र राजविराजमा दूरसञ्चार कार्यालय रहेका छन्। यस निर्देशनालयले दूरसञ्चारका विभिन्न सेवाहरु प्रदेशमा उपलब्ध गराउँदै आएको छ।

## ब्याकबोन

गत आर्थिक वर्षमा पोखरिया-जानकीटोल-सेडवा २१.६ किलोमिटरको एडीएसएस अप्टिकल फाइबर केबल जडान कार्य सम्पन्न भएको छ। यस अन्तर्गत सेडवा हब स्टेशनमा रहेका ८ वटा बीटीएस साइटहरुको ट्राफिकलाई फाइबरमा आबद्ध गरिएको छ। पहिले 1G को रेडियो लिंकमार्फत यो रुटमा सेवा उपलब्ध भइरहेको र Traffic Congestion को कारणले Call Drop देखि अन्य गुणस्तरमा ह्रास भइरहेकोमा अब सो समस्याको समाधान हुनुका साथै राजस्वमा समेत योगदान पुग्ने अपेक्षा गरिएको छ। हाल भइरहेको 1G को रेडियो लिंकलाई वैकल्पिक रुटको रुपमा समेत प्रयोग गरिने छ।

यस अवधिमा सप्तरीको कन्चनपुरदेखि धनुषा र सिराहाको सीमाना रहेको कमला नदीसम्म सडक विस्तारका क्रममा भूमिगत फाइबर बारम्बार काटिने गर्दा दूरसञ्चार कार्यालय, लहान तथा जनकपुर एवं हरिवन आईएमयू (एकीकृत मर्मत एकाई) को टोलीले मर्मत सम्भारको कार्य गर्दै आइरहेको थियो। अब नेपाल टेलिकमको नेटवर्कमा कुनै क्षति नहुने गरी फाइबर विस्तार कार्य सम्पन्न भएको छ।

बारम्बार विभिन्न स्थानमा भइरहने सडक विस्तारका क्रममा बिछ्याइएका केबलहरुमा क्षति हुने र सेवा अवरुद्ध भइरहने समस्यालाई समाधान गरी निरन्तर दीगो सेवा उपलब्ध गराउनका लागि मिर्चैयास्थित नेपाल विद्युत प्राधिकरणको कार्यालयदेखि नेपाल टेलिकमको कार्यालयसम्म ३.८ किलोमिटर एरियल फाइबर विस्तार गरिएको छ। त्यसैगरी मिर्चैयास्थित दूरसञ्चार कार्यालयदेखि चोहर्वासम्म ६ किलोमिटर एरियल फाइबर विस्तार पनि सम्पन्न भएको छ। यसबाट आगामी दिनमा तार काटिने र कम्पनीका सेवाहरु अवरुद्ध हुने समस्या समाधान हुने विश्वास लिइएको छ।

कलैयादेखि पिलुवासम्म १९.६ किलोमिटर नयाँ अप्टिकल लिंक पनि गत आर्थिक वर्षमा नै सम्पन्न भएको छ। पूर्व पश्चिम राजमार्गमा रहेको लिंक काटिएमा पनि अब यसले वैकल्पिक मार्ग (Redudant) को रुपमा काम गर्ने हुनाले वीरगन्ज क्षेत्रमा निरन्तर सेवा उपलब्ध गराउन सकिने भएको छ।

## सिम वितरणमा फड्को

तराई क्षेत्रका लागि अभियानका रुपमा शुरु गरिएको 'तराई सिम' प्रभावकारी रुपमा वितरण र अनुगमन गर्ने कार्यमा मधेश प्रदेशले उल्लेखनिय सफलता हासिल गरेको छ। यस अभियान अन्तर्गत मधेश प्रदेशमा हालसम्म ४ लाख सिमकार्ड वितरण भएको छ। विभिन्न प्रकारको सहुलियत अफरका साथ उपलब्ध गराइएको तराई सिम अहिले पनि अधिकांश ग्राहकले प्रयोग गरिरहेकाले यस्ता अभियानको निरन्तरता भएमा प्रभावकारी हुने देखिएको छ।



## रिचार्ज कार्ड बिक्रीमा वृद्धि

मधेश प्रदेशमा अवस्थित प्रादेशिक निर्देशनालय वीरगञ्जले ९ वटा डिलरमार्फत आ.व. २०७७/७८ मा १ अर्ब ११ करोड रुपैयाँको रिचार्ज कार्ड बिक्री गरेकोमा आ.व. २०७८/७९ मा १ अर्ब ५७ करोड भन्दा बढी मूल्यको रिचार्ज कार्ड बिक्री गर्न सफल भएको छ। ग्राहक संख्या बढ्दै गएको र अन्य इलेक्ट्रोनिक रिचार्ज कार्डको प्रयोग समेत बढ्दै गएको सन्दर्भमा भौतिक रुपमा प्रयोग गरिने रिचार्ज कार्डको बिक्री समेत त्यही अनुसारले बढेको पाइन्छ।

## एफटीटीएचको अवस्था

नेपाल टेलिकमका प्रमुख सेवाहरु मध्ये एक एफटीटीएच सेवाबाट टेलिफोन, इन्टरनेट, टेलिभिजन तथा मोबाइल वाइफाई चलाउन सकिने प्रविधि यस प्रदेशका सबै जिल्लामा उपलब्ध भइसकेको छ। प्रादेशिक निर्देशनालय वीरगञ्ज अन्तर्गतका विभिन्न जिल्लाहरुमा गत आर्थिक वर्षमा एफटीटीएच सेवा उपलब्ध गराउनका लागि ३० हजार लाइन क्षमताको पूर्वाधार तयार भएको छ।

## व्यवसाय प्रवर्द्धन सम्बन्धी कार्य

कोभिड-१९ र अन्य कारणले व्यवसाय प्रवर्द्धन सम्बन्धी गतिविधि कम भएकोमा गत आर्थिक वर्षमा भने मधेश प्रदेशमा यस सम्बन्धी धेरै कार्य सम्पन्न भएका छन्। प्रादेशिक निर्देशनालय अन्तर्गत विभिन्न जिल्लामा अवस्थित कार्यालयहरुको भवन तथा छत माथि १० थान १०×२० फिट साइजको होर्डिङ बोर्ड तथा प्रमुख राजमार्गहरुमा ४×८ फिट साइजको दुवैतिर देखिने गरी २५ थान बोर्डमार्फत कम्पनीका सेवाहरुको बारेमा जानकारीमूलक सामग्री राखिएको छ। विभिन्न कार्यालमा यस्ता विभिन्न सूचनामूलक सामग्री राखेर कम्पनीका सेवाहरुको बारेमा जानकारी उपलब्ध हुने व्यवस्था गरिएको छ।

स्थानीय एफएम तथा सञ्चार माध्यम र स्थानीय स्तरमा चल्ने रिक्साहरुबाट समेत कम्पनीका सेवाहरुको बारेमा नियमित प्रचार प्रसार कार्य गरिएको छ।

संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत प्रादेशिक निर्देशनालय अन्तर्गत विभिन्न जिल्लाहरुमा रहेका सामुदायिक विद्यालयहरुमा शैक्षिक सामग्रीहरु हस्तान्तरण गरिएको छ। ती विद्यालयहरुमा प्रति विद्यालय ४०० थान कपि र २५ थान स्कुल ब्याग वितरण गरिएको छ भने १० वटा विद्यालयमा २५ एमबीपीएस स्पिडको एफटीटीएच इन्टरनेट सेवा निःशुल्क उपलब्ध गराइएको छ।

सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
e-mail: ntc.news@ntc.net.np फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, मासिक रूपमा प्रकाशित हुने यो Newsletter कम्पनीको website : www.ntc.net.np मा पनि उपलब्ध छ।

**Published by:** Nepal Telecom, Office of CCO, Information & Publication Section
Co-ordinator : Shobhan Adhikari    Joint Co-ordinator : Ranjeet Lohia

Editor : Umesh Raj Dahal
Editorial Team : Eka Raj Subedi, Meghanath Dhakal